नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

## विज्ञप्ति

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (४) बमोजिम स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको रुपमा निजामती सेवाको अधिकृत कर्मचारीलाई कामकाजमा खटाउँदै आएको व्यहोरा अवगत नै छ। सबै स्थानीय तहमा दरबन्दी बमोजिमको प्रमुख प्रशासकीय अधिकृत खटाई स्थानीय तहको कामकारबाही प्रभावकारी तुल्याउन मन्त्रालय प्रतिबद्ध छ।

कतिपय स्थानीय तहहरुमा दरबन्दी बमोजिमको प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था नभएसम्मका लागि स्थानीय तहको कार्यसम्पादनमा सहजीकरण गर्ने उद्देश्यले स्थानीय तहमा कार्यरत कर्मचारीहरुमध्ये बरिष्ठतम कर्मचारीलाई आर्थिक तथा प्रशासनिक जिम्मेवारी प्रदान गरिएकोमा दरबन्दी बमोजिमको प्रमुख प्रशासकीय अधिकृत खटाएको अवस्थामा पनि केही स्थानीय तहहरुले हाजिर गराउन नसकिने भनी मन्त्रालयमा पत्राचार गर्ने, जानकारी गराउने एवं खटिएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराएको कार्यप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

यसरी मन्त्रालयको विभिन्न मितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृत खटाइएकोमा खटाइएका प्रमुख प्रशासकीय अधिकृतहरुलाई हाजिर गराउन नसकिने भनी मन्त्रालयमा पत्राचार गर्ने तथा जानकारी गराउने स्थानीय तहहरुको यस अघि बरिष्ठतम कर्मचारीलाई दिइएको आर्थिक तथा प्रशासनिक अधिकार रद्द गरी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई समेत जानकारी गराइएको छ। अत: मन्त्रालयले खटाएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराई सहज रुपमा काम गर्ने वातावरण बनाइदिनु हुन सम्बन्धित सबै स्थानीय तहहरुलाई मन्त्रालय अनुरोध समेत गर्दछ।

मिति: २०८२।०४।०८
नेपाल संवत: ११४५

(कालीप्रसाद पराजुली)
सहसचिव/प्रवक्ता